# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, पुस २४ गते २०४४ साल (अतिरिक्ताङ्क ५३

## भाग ३

### श्री ५ को सरकार

### पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

नेपालको संविधानबमोजिम वर्गीय संगठनको सदस्यता लिई निर्वाचित भएपछि जिल्ला पञ्चायत ऐन, २०१९ (संशोधन सहित) को अनुसूचीबमोजिम दलविहीन पञ्चायती व्यवस्थाप्रति पूर्णतया निष्ठावान रहने शपथ खाई पदको कार्यभार सम्हाली आउनु हुँदा विकेन्द्रीकरण (कार्य व्यवस्था) नियमावली, २०४१ को नियम ९ को उपनियम (१) को खण्ड (त), नियम १० को उपनियम (१) को खण्ड (छ) र नियम ११ को उपनियम (१) को खण्ड (ज) अनुसार दलविहीन पञ्चायती व्यवस्थाको संवर्द्धन हुने कार्यमा सदा संलग्न रहने पदीय कर्तव्य भएका पाल्पा जिल्ला पञ्चायतका क्रमशः सभापति कालुराम राना, उपसभापति दयाराज वस्याल, सदस्य कूलप्रसाद नेपाल र सदस्य देवराज ढकालले २०४४ साल पौष १ गतेको राष्ट्रिय पर्व –श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसलाई बहिष्कार गरी आ-आफ्नो काम, कर्तव्य विपरीत काम गरी आ-आफ्नो पदको दुरुपयोग गरेको हुँदा निजहरूलाई पाल्पा जिल्ला पञ्चायतको सभापति, उपसभापति र सदस्य पदबाट जिल्ला पञ्चायत ऐन, २०१९ को दफा ४० को उपदफा (४) बमोजिम श्री ५ को सरकारको मिति २०४४।९।२४ को निर्णयानुसार अर्को आदेश नहुञ्जेलसम्मको लागि निलम्बन गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

भक्तबहादुर कोइराला

श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।